

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक १८ गते शनिबार ❑ 4 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कांग्रेस एक ढिक्का भएर अघि बढेको छ : सभापति देउवा

पोखरापत्र संवाददाता
बागलुङ, १७ कार्तिक

नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली कांग्रेस अहिलेको परिस्थितिमा एक ढिक्का भएर अघि बढेको बताउनुभएको छ।

नेपाली कांग्रेस बागलुङले शुक्रबार आयोजना गरेको जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै सभापति देउवाले कांग्रेसमा पहिलाजस्तो गुनासो नभएको भन्दै छिटफुट गुनासोलाई सम्बोधन गर्दै जाने उल्लेख गर्नुभयो ।

सभापति देउवाले नेपालको संविधान कार्यान्वयनकै चरणमा रहेको भन्दै आलोचना गर्न नहुने धारणा राख्नुभयो । "नेपालको संविधानको कार्यान्वयन र सङ्घीयताको विषयमा छिटफुट गुनासालाई हामीले स्वभाविक मानेका छौँ", सभापति देउवाले भन्नुभयो, "वर्तमान संविधान पूर्ण कार्यान्वयन गर्न जान्छ त्यसमा कुनै शङ्का गर्न पर्दैन । नेपालको संविधान उत्कृष्ट संविधान हो, यसको कार्यान्वयनमा आएका



केही समस्या हामी समाधान गरेर अगाडि बढ्छौं ।" देउवाले नेपाली कांग्रेस पुनः सङ्गठित र थप मजबुद हुँदै जिल्ला सम्मेलन आयोजना गर्नु सुखद् पक्ष रहेको बताउनुभयो । नेपाली कांग्रेसले वडादेखि जिल्ला सम्मेलनमार्फत कांग्रेस थप मजबुद हुने बताउँदै जिल्ला सम्मेलन आयोजना गर्ने बागलुङ कांग्रेसलाई धन्यवाद दिनुभयो । उहाँले पछिल्लो समय बागलुङमा मात्रै नभएर देशभर कांग्रेसप्रतिको जनलहर बढिरहेको दाबी गर्नुभयो । नेपाली कांग्रेस विकास र समृद्धिको पक्षमा सदैव रहने बताउँदै राजनीतिक प्रतिशोधका आधारमा कसैलाई गाली गर्न नहुने बताउनुभयो ।

देउवाले बागलुङमा नेपाली कांग्रेसले स्थानीय तह र प्रदेशसभामा पाएको सिटको खुलेर प्रशंसा गर्नुभएको थियो । सो अवसरमा सभापति देउवाले सहित परिवार तथा ज्येष्ठ नागरिकलाई सम्मान गर्नुभएको थियो । जिल्ला सम्मेलनमा दुई हजार नेता तथा कार्यकर्ता सहभागी थिए ।

सो अवसरमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि नेपाली कांग्रेसले ठूलो योगदान गरेको बताउनुभयो । कांग्रेस पार्टीलाई बलियो बनाउन जनस्तरबाटै नेता, कार्यकर्ता लाग्नु पर्ने भन्दै नेताहरू पनि उत्तरदायी र जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले संविधानको असल कार्यान्वयनमा अझै पनि केही समस्या रहेको बताउनुभयो । पूर्वगृहमन्त्री समेत रहनुभएका सिटौलाले मुलुक सङ्घीय संरचनामा गइसकेपछि प्रदेश र स्थानीय तहले केन्द्रीय सरकारकै मुख ताक्नुपर्ने अवस्था आउन नहुने धारणा राख्नुभयो । "संविधानले परिकल्पना गरेको सङ्घीयता संरचनाअनुसार स्वायत्त स्थानीय तह बनाउन कांग्रेसले निर्णायक भूमिका खेल्नु पर्छ", उहाँले भन्नुभयो । नेता सिटौलाले नेपाली कांग्रेसमा पुस्तान्तरण आवश्यकता रहेको समेत बताउनुभयो ।

## नेपाल विश्वकपमा छनोट



पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

नेपाल सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा हुने आईसिसी मेन्स टी-२० विश्वकपमा छनोट भएको छ । माथिल्लो मुलपानी क्रिकेट मैदानमा संयुक्त अरब इमिरेट्स (युएई)लाई आठ विकेटले पराजित गर्दै नेपाल दोस्रो पटक विश्वकपमा छनोट भएको हो ।

यूएईले दिएको एक सय ३५ रनका लक्ष्य नेपालले १७ दशमलव एक ओभरमा दुई विकेटको क्षतिमा पूरा गर्‍यो । नेपालको जीतमा विकेटकिपर आशिफ सेखले अर्धशतकीय पारी खेले । उनले ५१ बलमा एक छक्का र सात चौकाको सहयोगमा ६४ रन बनाए ।

कप्तान रोहित पौडेलले दुई छक्का र दुई चौकाको सहयोगमा ३५ रन बनाए भने गुलशन झाले २२ र कुशल भुर्तेलले ११ रन बनाए । यूएईका लागि निलान्स केस्वानी र बसिल हमिदले एक/एक विकेट लिए ।

टस जितेर पहिले ब्याटिङ रोजेको यूएईले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ३४ रन बनायो । यूएईका लागि विकेटकिपर वृत्या अरविन्दले सर्वाधिक ६४ रन बनाए । उनले ५४ बल खेल्दै दुई छक्का र आठ चौका प्रहार गरे । कप्तान मोहम्मद वासिमले १६ बलमा दुई छक्का र तीन चौकासहित २६ रन बनाए । आसिफ खानले १३, अलिसन सफारुले १६ रन बनाए भने अन्य ब्याटरले उल्लेखनीय योगदान दिन सकेनन् । नेपालका लागि कुशल मल्लले तीन र सन्दीप लामिछानेले दुई विकेट लिए । साथै सोमपाल कामी र राहित पौडेलले एक/एक विकेट लिए । दुई ब्याटर रन आउट भए ।

नेपाल समूह 'ए' बाट उपविजेता र युएई समूह 'बी' को विजेता बन्दै सेमिफाइनलमा पुगेका थिए । समूहको अन्तिम खेलमा नेपाल ओमानसँग पाँच रनले पराजित भएको थियो । समूह चरणको आफ्नो पहिलो खेलमा नेपालले सिङ्गापुरलाई आठ विकेट र मलेसियालाई छ विकेटले पराजित गरेको थियो ।

शुक्रबारनै भएको पहिलो सेमिफाइनलमा ओमानले बहराइनलाई १० विकेटले पराजित गरेको छ । आइतबार हुने फाइनलमा नेपाल र ओमान भिड्नेछन् ।

## 'रुपान्तरण अभियानले पार्टीलाई गतिशील तुल्याउँछ'

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले पार्टीले सञ्चालन गरिरहेको जनतासँग माओवादी विशेष रुपान्तरण अभियानले पार्टीलाई गतिशील तुल्याउने विश्वास व्यक्त गर्नुभएको छ ।

पार्टीको गण्डकी प्रदेश कार्यालयको विस्तारित बैठकलाई आज पोखरामा सम्बोधन गर्दै महासचिव गुरुङले तीन महिनाको अभियान प्रभावकारी भएको र सङ्गठन विस्तारमा समेत सहयोगी भएको बताउनुभयो । उहाँले पार्टी गत भदौ १६ गतेदेखि सुरु भएको अभियान पदाधिकारी बैठकले एक महिना थप गरी पुस १५ गतेसम्म पुऱ्याएको जानकारी दिनुभयो ।

महासचिव गुरुङले भन्नुभयो, "अभियानले पार्टीलाई गतिशिल बनाएको छ । पार्टीका सबै नेता तथा कार्यकर्ता एकताबद्ध भएर अभियानमा जोडिनुभएको छ । यसले पार्टीभित्र र बाहिरसमेत सकारात्मक सन्देश प्रवाह भएको छ ।" उहाँले पार्टीको नेतृत्वमा रहेको सरकारले धेरै जनपक्षीय कामहरू गरिरहेकाले सरकारले गरेका राम्रा कामलाई जनतामा प्रचार गर्न नेता कार्यकर्तालाई आग्रह गर्नुभयो ।

पार्टीका केन्द्रीय सचिव एवं गण्डकी प्रदेशका इन्चार्ज देवेन्द्र पौडेलले गणतन्त्र, सङ्घीयता र अहिलेको प्रणालीको रक्षा गर्न माओवादी केन्द्र शक्तिशाली बन्नुपर्नेमा जोड दिनुभयो । देशमा प्राप्त उपलब्धीहरूको रक्षा गर्नु अहिलेको आवश्यकता रहेकाले पछिल्लो समय देखिएका व्यवस्था विरोधी गतिविधिविरुद्ध अभियानका क्रममा जनतालाई समेत प्रशिक्षित गर्न उहाँले आग्रह गर्नुभयो ।

बैठकमा पार्टीका गण्डकी प्रदेश समितिका अध्यक्ष गायत्री गुरुङले प्रदेशका सात सय ५९ वटै वडामा सञ्चालन भइरहेको 'जनतासँग माओवादी विशेष रुपान्तरण' अभियानको बारेमा जानकारी गराउनुभएको थियो ।

## एसियाली विकास बैंकले पोखरामा थप परियोजनामा सहयोग गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

एसियाली विकास बैंक (एडिबी)ले कास्कीको पोखरामा थप परियोजनामा सहयोग गर्ने भएको छ। पोखराको पर्यटन, पूर्वाधार विकास, ढल निकासलगायत क्षेत्रमा सहयोग गरेको बैंकले थप परियोजनामा लगानी गर्ने चाहना राखेको हो ।

एसियाली विकास बैंकका वरिष्ठ सार्वजनिक व्यवस्थापन विशेषज्ञ अरुण राममूर्तिले बिहीबार महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग उहाँको कार्यकक्षमा भेटवार्ता गर्दै सहयोगको प्रतिबद्धता व्यक्त गर्नुभयो । राममूर्ति बैंकको दिगो विकास र जलवायु परिवर्तन विभागका समेत विशेषज्ञ हुनुहुन्छ । भेटवार्ताका क्रममा राममूर्तिले एडिबीको सहयोगमा सञ्चालित विभिन्न परियोजनाका बारेमा जिज्ञासा राख्नुका साथै सहकार्यका नयाँ सम्भावनाका विषयमा छलफल गर्नुभएको महानगर प्रमुख आचार्यले बताउनुभयो । उहाँका अनुसार पूर्वाधार निर्माणसहित दिगो पर्यटन विकासका लागि सञ्चालित विभिन्न परियोजनामा एडिबीको सहयोग रहेको छ ।

"हाल सञ्चालित परियोजनाका बारेमा छलफल भयो । थप परियोजनामा समेत सहयोग गर्न एडिबी सकारात्मक छ", प्रमुख आचार्यले भन्नुभयो । उहाँले पोखराको पूर्वाधारसहित पर्यटन विकासका सन्दर्भमा एडिबीले गरेको सहयोगप्रति आभार प्रकट गर्दै सहयोग तथा सहकार्यका थुप्रै सम्भावनाको पहिचान गरिएको जनाउनुभयो ।

पोखरा पर्यटनको राजधानी सहरका रूपमा घोषणा हुने क्रममा रहेको उल्लेख गर्दै प्रमुख आचार्यले दिगो पर्यटन विकास आवश्यक रहेको बताउनुभयो।एडिबीकोसहयोगमा हाल ठूलो परियोजनाका रूपमा पोखरा-मुग्लिन सडक विस्तार आयोजनाको काम भइरहेको छ । यसैगरी पोखराको दिगो पर्यटन विकासका सम्बन्धमा विभिन्न १५ परियोजनामा सम्झौता भई काम अघि बढिरहेको छ ।

एडिबीको सहयोगमा पोखराको ढल निकास, सडक, फुटपाथ र सडक सुधार परियोजनाअन्तर्गत सडक सुरक्षा उपायहरूको योजनासहित विद्यमान सडक र ढलको स्तरोन्नति गर्ने यसअघि नै सम्झौता भइसकेको छ । महानगरका अनुसार एडिबीले पोखराका विभिन्न परियोजनामा आर्थिक सहयोग गर्ने भएको छ । त्यस्ता परियोजना छनोट भइसकेका छन् । जसअन्तर्गत सहिदचोक-तीनकुने-राधाकृष्णमार्ग-एसओएस-घलेचोक-हरियो खर्क-पिआइए आठ किमी आठ सय मिटर सडक सुधार योजनालाई अन्तिम रूप दिइएको छ । यसका लागि पाँच दशमलव ३४ मिलियन अमेरिकी डलर खर्च हुने अनुमान गरिएको छ ।

पञ्चासे पारिस्थितिक विकास र पहुँच परियोजनाअन्तर्गत दमदमेबाट भन्ज्याङसम्मको १३ किलोमिटर सडक कालोपत्र, भन्ज्याङबाट पञ्चासेसम्म बाटोको स्तरोन्नति, सुविधासहितका सर्भिस प्वाइन्ट स्थापना, विद्यमान घरबास (होमस्टे)को एकीकृत प्रवर्द्धन योजना र गुरुङ सङ्ग्रहालयको संरक्षणका लागि तीन दशमलव पाँच मिलियन अमेरिकी डलर खर्च हुनेछ । पञ्चासे एक सयभन्दा बढी प्रजातिका अर्किड र पोखरी रहेको एक प्रसिद्ध तीर्थस्थल र संरक्षित वन क्षेत्र हो ।

एडिबीकै सहयोगमा 'लेक टु लेक' साइकल ट्र्याक र


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'जाउँ है पोखरा अभियान' : प्राथमिकतामा आन्तरिक पर्यटन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

होटल सङ्घ पोखराको आयोजना एवं पोखरा महानगरपालिकाको सहयोगमा बिहीबारदेखि पूर्वी नेपालका प्रमुख सहरमा पर्यटन प्रवर्द्धन कार्यक्रम सुरु गरिएको छ।

पोखरामा आन्तरिक पर्यटनलाई चलायमान बनाउने लक्ष्यका साथ 'जाउँ है पोखरा' अभियानका साथ हिँडेको पर्यटन व्यवसायी, जनप्रतिनिधि, सञ्चारकर्मी सहितको टोलीले पूर्वी नेपालका प्रमुख सहरमा पर्यटनसम्बद्ध क्षेत्रका व्यवसायीलाई भेट्दै पोखरा भ्रमणको निम्तो दिने होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । पोखराबाट बिहीबार जनकपुर आइसकेको टोलीले उक्त क्रममा राजमार्ग क्षेत्रको बर्दिवासमा त्यहाँका व्यवसायीसँग पर्यटकीय साझेदारीलगायतका विषयमा छलफल गरेको छ । छलफलमा होटल सङ्घ पोखराका अध्यक्ष सुवेदीले आफूहरूले दुई दशकअघिदेखि नेपालभित्रैका विभिन्न सहरमा 'जाउँ है पोखरा' अभियान सञ्चालन गर्दै आएको जानकारी गराउनुभयो।

होटल सङ्घले अभियान सञ्चालन गर्दा तत्कालीन समयमा एक प्रतिशतमात्रै रहेको आन्तरिक पर्यटकको आगमन हालसम्म आइपुग्दा ३५ प्रतिशत पुगिसकेको उहाँले बताउनुभयो। जाउँ है पोखरा अभियानले पोखरामात्र नभई नेपालका अन्य पर्यटकीय सहरमा पनि महत्त्वपूर्ण प्रभाव पारेको सुवेदीले बताउनुभयो । देशमा आन्तरिक द्वन्द्वको समयका साथै कोरोना महामारीलगायतका विभिन्न विपत्तिले समग्र पर्यटन क्षेत्र सङ्कटमा परेका अवस्थामा आन्तरिक पर्यटनले महत्त्वपूर्ण भरथेग गरेको उहाँले बताउनुभयो । होटल तथा पर्यटन व्यवसायी सङ्घ बर्दिवासका अध्यक्ष गोपाल कार्कीले पर्यटन क्षेत्रको विकास राज्यको प्राथमिकतामा पर्नुपर्ने बताउनुभयो। सरकारको पर्यटनमैत्री नीतिका साथै अत्यावश्यकीय पूर्वाधार विकासमा राज्यले सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । आन्तरिक पर्यटनको विकासबाट पर्यटन क्षेत्रलाई चलायमान बनाउन सकिने बताउँदै कार्कीले आफूहरू पर्यटकीय साझेदारी बढाउने कुरामा तयार रहेको बताउनुभयो। होटल एशोसिएसन नेपाल (हान) मधेस प्रदेशका सदस्य दीपेन्द्र पराजुलीले साझेदारी बढाउन सकेमा पर्यटन क्षेत्रको विकास सम्भव हुने धारणा राख्नुभयो । पूर्वी नेपालका धेरै पर्यटकीय गन्तव्य प्रवर्द्धन हुन नसकेको बताउँदै उहाँले २३ प्रजातिको लालीगुराँस पाइने तीनजुरेलगायतका गन्तव्यमा पर्यटक पुग्न नसकेका बताउनुभयो । "कतिपय गन्तव्य बाटोलगायतका पूर्वाधार नहुँदा प्रवर्द्धन हुनसकेका छैनन्", उहाँले भन्नुभयो, "पूर्वाधारका कारण पछि परेका गन्तव्यको विकासका लागि त्यहाँका अत्यावश्यकीय पूर्वाधार निर्माणलाई राज्यले जोड दिनुपर्छ ।" पछिल्ला समयमा बर्दिवास क्षेत्रमा सुविधासम्पन्न होटल थपिने क्रम बढिरहेको बताउँदै उहाँले सुविधासम्पन्न होटलको सङ्ख्या न्यून रहेको जानकारी दिनुभयो । बर्दिवासमा मध्यमस्तरका तथा सामान्य होटल भने थपिँदै छन्।

होटल तथा पर्यटन व्यवसायी सङ्घ बर्दिवासका महासचिव नारायण घिमिरेले पछिल्लो समयमा नेपालीमा घुमफिर संस्कृति बढिरहेको बताउनुभयो। होटलको व्यवसाय घट्दा समग्र बजारको व्यवसाय पनि घटेको पाइएको उल्लेख गर्दै उहाँले देशका सबै किसिमका व्यापार-व्यवसाय बढ्नका लागि होटलको व्यापार बढ्नु जरुरी रहेको धारणा राख्नुभयो । दिगो पर्यटनका लागि आन्तरिक पर्यटन नै बढ्नुपर्नेमा जोड दिँदै उहाँले यसका लागि पर्यटकीय सहर तथा गन्तव्यको एकापसामा साझेदारी हुनु आवश्यक रहेको बताउनुभयो । चर्को ब्याजदरलगायतका कारण पर्यटन व्यवसाय सङ्कटमा परिरहेको उल्लेख गर्दै घिमिरेले पछिल्लो समयमा बढ्दो युवा जनशक्ति पलायनले पर्यटन क्षेत्रमा दक्ष कामदार पाउन मुस्किल परिरहेको बताउनुभयो । विभिन्न धार्मिक पर्यटकीय गन्तव्यको प्रवर्द्धनबाट उक्त मार्ग तथा क्षेत्रमा पर्ने स्थल प्रवर्द्धन हुने बताउँदै उहाँले पाथिभरा जाने पर्यटकको सङ्ख्या बढ्दा बर्दिवासको स्वतः प्रवर्द्धन हुने बताउनुभयो।

होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेशका अध्यक्ष हीरा गौतमले दिगो पर्यटनका लागि आन्तरिक पर्यटनका गतिविधि बढ्नु जरुरी रहेको बताउनुभयो । स्वदेशी पर्यटकले विदेशी पर्यटकले भन्दा बढी खर्च गर्ने गरेको अनुभव सुनाउँदै उहाँले आन्तरिक पर्यटनको विकासका लागि एकापसमा समन्वय तथा सहकार्य आवश्यक भएको बताउनुभयो । आन्तरिक पर्यटन प्रवर्द्धनका लागि आफूहरू पनि अभियान सञ्चालन गर्ने तयारीमा रहेको उहाँले जानकारी दिनुभयो। 'जाउँ है पोखरा' अभियानका क्रममा जनकपुर, विराटनगर, विर्तामोड, धनकुटालगायत सहरमा त्यहाँका पर्यटन व्यवसायी सङ्घसँग छलफल एवं अन्तर्क्रिया गरिने होटल सङ्घ पोखराका सचिव पार्वता पाण्डेले जानकारी दिनुभयो।

# वडा १३ मा विपन्न तथा मजदुरलाई बीमा कार्ड

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

पोखरा महानगरपालिका वडा नम्बर १३ ले विपन्न र मजदुरको स्वास्थ्य बीमा गरिदिएको छ । १ सय ९ जना विपन्न तथा मजदुरलाई वडाले पैसा तिरेर बीमा गरिदिएको हो।

शुक्रबार उनीहरुको बीमा कार्ड लाभग्राहीलाई एक कार्यक्रमविच हस्तान्तरण गरिएको छ । सो कार्डबाट पोखराका पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र हिमालयन आँखा अस्पतालमा बिरामीले निःशुल्क स्वास्थ्य सेवा पाउने छन्। दैनिक मजदुरी गरेर पेट पाल्नेहरुले सामान्य बिरामी हुँदा समेत उपचार गर्ने पैसा नभएर समस्या हुने गरेको गुनासो आएपछि बीमा गरिदिएको वडा अध्यक्ष किरण बरालले पोखरापत्रलाई वताए । सबैलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. भरत खत्रीले बीमा कार्ड हस्तान्तरण गरेका हुन् । उनले मजदुर र विपन्नको बीमा कार्ड भएपछि पैसाको अभावमा उपचारबाट



वञ्चित हुनुपर्ने अवस्था नआउने बताए । सरकार नागरिकलाई स्वास्थ्य सुरक्षा दिन प्रतिबद्ध रहेपनि नागरिकहरुमा चेतनाको विकास हुनै नसकेको उनको भनाई छ। 'बीमा कार्डको नवीकरणबाट सरकारको ढुकुटीमा एक अर्ब मात्रै जम्मा हुन्छ । तर वर्षमा १० अर्बभन्दा बढी सरकारले खर्च गरेको छ,' उनले भने, 'नागरिकलाई स्वास्थ्य सुरक्षा दिन सरकार प्रतिबद्ध छ। तर नागरिकले पनि सोही अनुसार काम गर्नुपऱ्यो ।' वडा अध्यक्ष बरालले स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रमा वडाले भिन्न र उत्कृष्ट कामको थालनी गरेको बताए । यसअघि टोल स्तरमा विभिन्न शिर्षकमा स्वास्थ्य शिविर चलाउँदै आएको वडाअध्यक्ष वरालले भने । वडा सचिव अञ्जु गुरुङले कार्यक्रम संचालन र स्वागत वडा सदस्य रजनी परियारले गरेकी थिइन्। वडा सदस्यले सुचिता तामाङले कार्ड वितारणमा सहयोग गरेकी थिइन । त्यसैगरी सोही दिन वडा १३ मा भिटामिन ए र जुकाको औषधी ६ सय ५० जनालाई खुवाइएको सदस्य सुचिताले वताईन । औषधी खाने कार्यक्रम १८ कार्तिक सम्म जारी रहने छ ।


## Embassy of India Kathmandu (Nepal)

## Vacancy Announcement

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following posts for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Radiographer | ECHS Polyclinic Pokhara |
| 2. | Pharmacist | |
| 3. | Clerk | |
| 4. | Nursing Assistant | |
| 5. | Housekeeper | |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 25 Nov. 2023.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-433232, 434477**


# एसियाली ...

फेवाताल सुधार परियोजनासमेत सञ्चालनका क्रममा रहेको छ। परियोजनाअनुसार नौवटा ताल र १८ वडालाई जोड्ने गरी ८५ किलोमिटर लामो साइकल ट्र्याक निर्माण हुनेछ।

फेवाताल सुधार परियोजनाअन्तर्गत बसाइ व्यवस्थापन, शौचालय, वाटर फाउन्टेन, वाटर स्प्रिङ प्रोटेक्सन, इन्फरमेसन बोर्ड, डाइरेक्सन बोर्ड, साइकल पार्किङ, सर्भिस प्वाइन्टसहित साइकल स्ट्यान्डको निर्माण गरिनेछ। यसमा तीन दशमवल पाँच मिलियन अमेरिकी डलर खर्च हुने महानगरले जनाएको छ।

रानीवन इको ट्रेल र फेवाताल सुधार परियोजनाअन्तर्गत ड्यामसाइटबाट रानीवनलाई सिसाको पुलले जोड्ने, शान्ति स्तूप र फेवातालको परिधिलाई एकीकृतरूपमा जोड्दै रानीवनबाट इको ट्रेल विकास गर्ने योजना छ।

# मनाङको कृषि, पर्यटन, सडक र विद्युतीकरणमा जोड

**पोखरापत्र संवाददाता**
मनाङ, १७ कार्तिक

गण्डकी प्रदेश नीति तथा योजना आयोगको आयोजना र अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएआईडी), जल जङ्गल कार्यक्रमको सहयोगमा विकट हिमाली जिल्ला मनाङको विकासका लागि कृषि, पर्यटन, सडक र विद्युत् विस्तारलाई जोड दिइएको छ।

मनाङका निर्वाचित सांसद, जनप्रतिनिधि र स्थानीयवासीले आर्थिक वर्ष २०८०/८१-२०८५/८६ सम्मका लागि दोस्रो पञ्च वर्षीय योजना तर्जुमा सम्बन्धमा गरिएको अन्तर्क्रियामा यस विषयलाई प्राथमिकताका साथ समावेश गरिनुपर्नेमा जोड दिइएको हो । प्रतिनिधिसभा सदस्य एवं पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङले मनाङको विकासका लागि मुख्यत : कृषि, पर्यटन, सडक र विद्युत् क्षेत्रको विकास हुन आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "विशेषगरी यहाँको विकासका लागि स्थानीयवासीले अङ्गालेका कृषि, पर्यटन क्षेत्रलाई सहज बनाउन आवश्यक छ। यसको विकासका लागि सडक मुख्य पाटो बनेको छ भने विद्युतीकरण हुन पनि जरुरी रहेको छ ।" गण्डकी प्रदेशसभा सदस्य राजीव गुरुङ (मनाङे) ले मनाङको विकास हुने खालका कृषि उपजको बजार प्रवर्द्धनका लागि सडक र विद्युतीकरणले पर्यटन क्षेत्रको विकासलाई पनि मुख्य फाइदा पुग्नेगरी पञ्च वर्षीय योजना पुरा गर्नतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "मनाङ पर्यटकीय क्षेत्र हो । यहाँ आउन चाहने पर्यटकलाई सहज सडक सञ्जाल बनाउन आवश्यक छ। सडक सहजतासँगै विद्युतीकरण हुनुपर्छ र यसकै माध्यमले यहाँ उत्पादित वस्तुलाई सहजरुपमा प्रवर्द्धन गर्न सकिन्छ ।" अर्का प्रदेशसभा सदस्य मुनिन्द्र गुरुङले मनाङ विकट क्षेत्रमा उत्पादित वस्तु बजारसम्म पुऱ्याउने वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले यसका लागि सडकको सहज पहुँच बनाउनतर्फ प्रदेश सरकारले कदम चाल्नुपर्ने बताउनुभयो।


सांसद गुरुङले भन्नुभयो, "मुख्य समस्या समाधान हुनसके विकटमा बसोबास गर्ने यहाँका आमनागरिकले भोग्नुपरेको सास्तीलाई सहज बनाउन सकिन्छ।" विकट क्षेत्रको विकाससँगै उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा कृषि क्षेत्रमा रुपान्तरण गर्नु, विकासका पूर्वाधारको सुदृढीकरण, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र रोजगारी सिर्जना गर्नु, विकासका लाभको समन्यायिक वितरण सुनिश्चित गरी सामाजिक न्याय स्थापित गर्नु, गुणस्तरीय सार्वजनिक सेवा र सुशासन अभिवृद्धि गर्नु, मानव पुँजी, उत्थानशील विकास र आर्थिक क्रियाशीलतामार्फत समृद्धि हासिल गर्नु योजना आयोगको उद्देश्य रहेको गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले बताउनुभयो। कार्यक्रममा मनाङका विभिन्न कार्यालयका प्रमुखको सहभागिता रहेको थियो।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# तनहुँकी गौली शिक्षण छोडेर 'ड्रागन खेती'मा

पोखरापत्र संवाददाता
तनहुँ, १७ कार्तिक

व्यास नगरपालिका–२ कालिका मार्ग निवासी कल्पना गौली १६ वर्ष शिक्षण पेसामा लाग्नुभयो । उहाँसँग प्राविदेखि मावि तहसम्म अङ्ग्रेजी विषयमा अध्यापन गराएको अनुभव छ । गौलीले अध्यापनपछि घरमै बुटिक व्यवसाय सुरु गर्नुभयो ।

करिब १५ वर्षसम्म बुटिक व्यवसाय गरिसक्नुभएकी गौली यतिबेला भने व्यावसायिक कृषि पेसामा संलग्न हुनुभएको छ । उहाँले व्यास नगरपालिका–५ ढोडेनीमा 'ड्रागन फ्रुट'को खेती सुरु गर्नुभएको हो । प्रकृति र माटोसँग रमाउन र यही क्षेत्रलाई साधान केन्द्रको रूपमा स्थापित गराउन आफू यस व्यवसायतर्फ लागेको किसान गौलीको भनाइ छ । वार्षिक रु २० हजार बुझाउने गरी करिब नौ रोपनी जग्गा २० वर्षका लागि भाडामा लिएर व्यवसाय थाल्नुभएको हो ।

विसं २०७९ वैशाख १८ गते 'माँ अम्बे अलौकिक कृषि फार्म' दर्ता गरी सञ्चालन गर्नुभएकी गौलीले पहिलो वर्षमा रु १२ लाखभन्दा बढीको ड्रागन फ्रुट बिक्री गरिसक्नुभएको छ । वैशाखमा फूल खेल्न सुरु भएको ड्रागन फ्रुट ६० दिनभित्र खाना योग्य हुन्छ भने मङ्सिर महिनासम्म फल्ने उहाँको भनाइ छ । "अहिले त व्यवसायीहरू फार्ममै आएर लैजानुहुन्छ, पहिले गाडीमा बजारसम्म लैजानु पर्ने अवस्था थियो", उहाँले भन्नुभयो । उहाँले प्रतिकिलो रु पाँच सयदेखि रु छ सयसम्म ड्रागन फ्रुट बिक्री गर्दै आउनुभएको छ ।

गौलीले गत वर्ष भारतको हैदराबादबाट दुई हजार एक सय वटा ड्रागन फ्रुटका बिरुवा ल्याएर फार्ममा पाँच सय पोल निर्माण गरी एउटा पोलमा चार वटाका दरले ड्रागन बिरुवा लगाउनुभएको थियो । "करिब रु ८० लाखमध्ये रु ४२ लाख ५० हजार ड्रागन फ्रुटको खेतीमा लगानी गरेको छु", उहाँले भन्नुभयो, "फार्ममा ड्रागन फ्रुटका साथै च्याउ, मौरी, फलफूललगायतका बहुआयामिक किसिमले खेती गरेको छु ।" गौलीले यस वर्ष रु तीन लाखभन्दा बढीको ड्रागनका बिरुवा बिक्री गर्नुभएको छ । प्रतिबिरुवा रु दुई सयदेखि रु पाँच सयसम्म बिरुवा बिक्री गरेको उहाँले बताउनुभयो । ड्रागनका बिरुवा लिन तनहुँलगायत विभिन्न जिल्लाबाट मानिस आउने गरेको उहाँको भनाइ छ ।

किसान गौलीले व्यास नगरपालिका–३ मा 'व्यास कोसेली घर' समेत सञ्चालन गर्दै आउनुभएको छ । स्थानीयस्तरमा उत्पादित अर्गानिक तरकारी, घरेलु सामग्री, घरेलु कपडालगायत सामग्री उक्त कोसेली घरमा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो ।

# फापर खेती घट्यो

पोखरापत्र संवाददाता
बागलुङ, १७ कार्तिक

लेकाली खेतीका रूपमा परिचित फापर बाली घट्दै गएको छ । बागलुङको ग्रामीण क्षेत्रमा बढी उत्पादन हुने यो बाली पछिल्लो केही वर्षयता कम हुँदै गएको छ ।

व्यावसायिकरूपमा फापर खेतीप्रति किसानको आकर्षण घट्दै गएको छ । रैथाने बाली फापरको आँटो, ढिडो, रोटीलगायत परिकार उपभोग गर्ने गरेकामा पछिल्लो समय आयातित खानेकुराको प्रयोग हुन थालेपछि यसको खेती कम हुन थालेको पाइन्छ । फापरका परिकार उच्च रक्तचाप र मधुमेहका बिरामीका लागि अति उत्तम मानिन्छन् । बागलुङको ढोरपाटन नगरपालिका, निसीखोला, तमानखोला र ताराखोला गाउँपालिकाको माथिल्लो क्षेत्रमा फापर खेती गर्ने क्रम घट्दै गएको छ ।

स्थानीय तीर्थबहादुर बुढामगर पहिला गाउँका हरेक किसानले आफ्नो एक–दुई रोपनीमा भए पनि फापर खेती गर्ने गरेकामा हाल त्यसको ठाउँमा गहुँ र मकै लगाउने गरिएको छ । "अहिले कमैले मात्र फापर खेती गर्ने गरेका छन्", उहाँ बताउनुहुन्छ– "हामी फापरकै आँटो, ढिडो र रोटी खाएर हुर्किएका हौँ, अहिले गाउँमा फापर खेती गर्न छाडे ।"

फापर बारीमा अन्य खेती हुन थालेको स्थानीय निमबहादुर विक बताउनुहुन्छ । "पहिला रातो र कालो जातको फापर राम्रै फल्थ्यो, आजभोलि निकै कम फल्ने गरेको छ", उहाँले भन्नुभयो । फापर खेती गर्ने बारीमा केही वर्ष मकै र जौँखेती गरेको तथा त्यसपछि फापर नै लगाउँदा उत्पादन कम भएको विकले बताउनुभयो । फापरको उत्पादन घटेपछि चार वर्षदेखि यसको खेती गर्न छाडेको विकको भनाइ छ । मेहनत गरे पनि उत्पादन न्यून हुँदा फापर खेतीप्रति स्थानीयको आकर्षण घटेको उहाँ बताउनुहुन्छ । "फापरको बीउ जोगाउन गाह्रो हुन थालेको छ", विकले भन्नुभयो । अचेल फापरका परिकार गाउँमा पाक्न छाडेका छन् । मेला–महोत्सवमा मात्र फापर सीमित भएको छ । बागलुङमा अहिले ८५ हेक्टर क्षेत्रफलमा फापर खेती हुने गरेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी कुमार पुनमगरले जानकारी दिनुभयो । उहाँका अनुसार हरेक वर्ष एक सय २० मेट्रिक टन फापर उत्पादन हुने गरेको छ । फापर बाली संरक्षणका लागि 'रैथाने बाली संरक्षण' कार्यक्रम सञ्चालन गर्ने, उन्नत जातका बीउ वितरण र किसानलाई प्रोत्साहन गर्ने सूचना अधिकारीले पुनमगरले बताउनुभयो । उहाँले भन्नुभयो, "हरेक वर्ष फापर खेती घट्दै गएको छ ।"

# गोरु पाइन छोड्यो, हाते ट्र्याक्टरको भरमा किसान

पोखरापत्र संवाददाता
म्याग्दी, १७ कार्तिक

कृषिमा आधुनिकीकरण र युवा जनशक्ति विदेश पलायनका कारण ग्रामीण क्षेत्रमा खेतबारी जोत्न र दाईं गर्नका लागि गोरु पाल्ने चलन हट्दै गएको छ । त्यसको ठाउँमा दाईं लगाउन पनि हाते ट्र्याक्टरको प्रयोग बढ्न थालेको छ ।

म्याग्दीका ग्रामीण क्षेत्रमा पछिल्लो समय परम्परादेखि नै चल्दै आएको गोरुको सहायताले दाईं लगाउने प्रचलन लोप हुने अवस्थामा पुगेको छ । गाउँघरमा गाईगोरु पाल्नेहरू घटेसँगै प्रविधिको प्रयोग बढ्दै गएको बेनी नगरपालिका–२ खबराका अगुवा किसान चन्द्रबहादुर कार्कीको भनाइ छ ।

दाईं गर्नका लागि डम्परा र चुत्रेनीसम्म पुग्दा पनि गोरु नपाइएपछिट्र्याक्टरप्रयोग गरिएको बेनी नगरपालिका–२ बगरफाँटका किसान तोपबहादुर जिसीले बताउनुभयो । जिसी मात्रै होइन म्याग्दीका धेरै किसानले खेतबारी जोत्नदेखि लिएर धान पराल गर्न र अन्य कृषि कार्यमा समेत अहिले कृषि औजारको प्रयोग गर्न थालेका छन् ।

बगरफाँटका किसान टेकबहादुर कार्कीले भन्नुभयो, "गोरु पाल्नै छोडे, धान झाँटेपछि दाइँ पराल गर्ने पऱ्यो, एक घण्टाको रु आठ सय तिरेर ट्र्याक्टर प्रयोग गरी दाइँ गरेँ ।"

गाउँघरमा पहुँचवालाहरूले सरकारी अनुदानमा ल्याएका कृषि उपकरणहरूको वास्तविक किसानसँग महँगो शुल्क लिएर काम गरिदिने गरेका किसान खड्गबहादुर थापाले गुनासो गर्नुभयो ।

हाते ट्र्याक्टर प्रयोग गरी एक घण्टा जोतेको वा दाइँ गरेको ट्र्याक्टर मालिकले रु आठ सय लिने गरेको उहाँले सुनाउनुभयो । पछिल्ला चार वर्षयता म्याग्दीमा पनि धान स्याहार्न हाते ट्र्याक्टर, ट्र्याक्टर र थ्रेसरको प्रयोग बढेको बगरफाँटका अर्का कृषक क्षेत्रबहादुर केसीले बताउनुभयो ।

गोरु नै पाइन छोडेपछि अहिले दाईं लगाउने प्रचलन पनि हराउँदै गएको ८८ वर्षीय बेदप्रसाद उपाध्यायले बताउनुभयो । "पराल र धान स्याहार्न खलो वरिपरि मान्छे हुन्थे, मियो वरिपरि पाँच/सातवटा गोरु घुमाएर रातभर दाइँ गरिन्थ्यो, अहिले ती सबै कुरा सम्झना मात्रै भए", उहाँले भन्नुभयो ।

पहिले हरेक घरमा कृषि कामको सहायताका लागि गाईगोरु पाल्ने चलन थियो तर अहिले उक्त चलन हराउँदै गएको मङ्गला–५ छिसबाङ्का किसान प्रेमबहादुर पुनले बताउनुभयो । म्याग्दी पहाडी क्षेत्र भएकाले खेतबारीका कोहोटाहरूमा पनि प्रयोग गर्न सकिने हाते ट्र्याक्टर किसानले प्रयोग गर्ने गरेका कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ ।

कृषि प्राविधिक जगत बानियाँले गाउँ छिटो र सजिलोका लागि जोत्नका लागि ट्र्याक्टर, सडकको पहुँच नपुगेको स्थानमा हाते ट्र्याक्टरको प्रयोग बढेको बताउनुभयो ।

# बेँसीसहर–चामे सडकमा कालोपत्र सुरु

पोखरापत्र संवाददाता
लमजुङ, १७ कार्तिक

लमजुङ–मनाङ जोड्ने एकमात्र बेँसीसहर–चामे सडक ट्र्याक खोलेको २९ वर्षपछि अमेरिकन प्रविधिको 'अस्फाल्ट' कालोपत्र सुरु भएको छ । बेँसीसहर–चामे सडकअन्तर्गत बेँसीसहरदेखि खुदीसम्मको सात दशमलव आठ किलोमिटर सडक बिहीबारदेखि कालोपत्र सुरु भएको हो ।

स्तरोन्नति तथा कालोपत्र गर्ने कार्यअन्तर्गत पहिरो चरणको करिब ९० प्रतिशत काम सम्पन्न भएसँगै दोस्रो चरणको काम सुरु भएको डुम्रे बेँसीसहर चामे सडक योजना कार्यालय लमजुङका सूचना अधिकारी तथा इन्जिनियर पुरुषोत्तम अधिकारीले बताउनुभयो । उहाँका अनुसार पहिलो चरणमा सडकको पर्खाल उठाउने, कल्भर्ट बनाउने, चौडा गर्ने, कटिङ गर्ने कार्यसम्पन्न भएको छ भने नाली र अन्य केही संचरना निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको छ । स्थानीय श्रमदान र सरकारी निकायबाट सहयोग मागेर लमजुङबासीले विसं २०५१ मा यस खण्डअन्तर्गत बेँसीसहरदेखि खुदीसम्म मोटरबाटोको ट्र्याक खोलेको थियो । उक्त खण्डमा कालोपत्रको काम अघि बढ्दा स्थानीय उत्साहित भएका छन् । सडक पाँच दशमलव पाँच मिटरको सवारी गुड्ने, एक दशमलव पाँच मिटरको नाली र सर्वसाधारण हिँड्ने बाटो एक मिटर चौडाइको हुने इन्जिनियर अधिकारीले बताउनुभयो । उहाँका अनुसार बस्ती भएका ठाउँमा भने दुईतर्फी नै नाली निर्माण गरिने र बस्ती नभएका ठाउँमा एकतर्फी नाली निर्माण गरिने छ । यस सडकको तेस्रो चरण तथा अन्तिम चरणअन्तर्गत कालोपत्र सम्पन्न भएसँगै रोड मार्किङ, रोड फर्निचर (पेन्टिङ) गर्ने, क्र्यास बेरियर र किलोमिटर पोस्ट राख्नेलगायतको काम हुने भएको अधिकारीको भनाइ थियो । उहाँका अनुसार विभिन्न पटक म्याद थप गर्दै आगामी असार मसान्तभित्रमा सबै काम सम्पन्न हुने सम्झौता भएको छ । हालसम्म ६५ प्रतिशत सडक स्तरोन्नतिको काम सम्पन्न भएको डुम्रे बेँसीसहर चामे सडक योजना कार्यालयले जनाएको छ ।

विसं २०८० असार मसान्तसम्म कालोपत्र गर्नेगरी विसं २०७८ असारमा सम्झौता गरेर काम अघि बढाइएको थियो । कार्यालयका अनुसार रू ५२ करोड ९६ लाखको लागत अनुमान गरिएको उक्त सडक रु २५ करोड ३२ लाखमा कालोपत्र गर्ने सम्झौता छ । कार्यालयका इन्जिनियर अधिकारीले निर्धारित समय सकिएकाले आगामी मङ्सिर ९ गतेसम्म सम्पन्न गर्नेगरी म्याद थप गरिएको जानकारी दिनुभयो ।

# छतको पानी व्यवस्थापन नगरे सेवा बन्द

रासस
चितवन, १७ कार्तिक

भरतपुर महानगरपालिकाको मुख्य बजार क्षेत्र नारायणगढमा बसोबास गर्नेहरूले आफ्नो घरको छतबाट निस्कने पानीको व्यवस्थापन नगरे सेवा नपाउने भएका छन् । छतको पानी सिधैँ सडकमा पुग्ने गरी फाल्दा बजारमा समस्या आएपछि कडाइ गरिएको हो ।

भरतपुर महानगरपालिका–१ ले पानी व्यवस्थापन नगरे स्थानीय निकायबाट दिइने सेवा बन्द गर्ने भएको छ । वडाध्यक्ष केशव महर्जनका अनुसार लायन्सचोक, सहिदचोक, पुलचोक, मिलनरोड, मेनरोड, प्रगतिपथ, बालकुमारी क्याम्पस रोड, पोखरा बसपार्क, लीलाचोक र उद्योग बाणिज्य सङ्घ टोललगायतका क्षेत्रमा भएका घरले आफ्नो छतमा आएको पानी सिधैँ रोडमा फाल्दा सर्वसाधारण पैदलयात्रुदेखि व्यवसायीलाई समेत समस्या परेको गुनासो आएपछि सेवा बन्द गर्ने निर्णय गरिएको हो ।

वडाध्यक्ष महर्जनले भन्नुभयो, "हामीले पटक–पटक सूचना जारी गरेका छौँ । अब कार्यान्वयनमा जाने समय आयो", सडकमा पानी फाल्दा सडक बिग्रने, यात्रुहरूले समस्या भोग्नुपर्ने उहाँले बताउनुभयो । गत वैशाखमा सूचना जारी गरेको भए पनि यसको कार्यान्वयनमा नआएपछि पटक–पटक गरी बुधबार तेस्रोपटक सूचना जारी गरिएको हो । "मुख्य बजार क्षेत्रमा रहेका दुई हजार दुई सय घरधुरीमा यो समस्या रहेको छ । पानी व्यवस्थापन नगर्ने घरलाई वडा कार्यालयले दिने सेवामा रोक लगाउँछौँ", उहाँले भन्नुभयो । सूचना जारी भएको सात दिनपछि कार्यान्वयनमा ल्याइने उहाँले जानकारी दिनुभयो । कार्यान्वयनमा आएसँगै बजार क्षेत्रका घरधनीले वडाबाट सेवा लिन जाँदा स्थलगत निरीक्षण गरेरमात्रै सेवा प्रवाह गरिने छ ।

"वडाको निर्णय नमान्ने हो भने मानवीय संवेदनासँग जोडिएका विषय बाहेक अन्य सेवा दिन वडा कार्यालय बाध्यकारी हुनेछैन", उहाँले भन्नुभयो । घरको छतमा जम्मा भएको पानी पाइपमार्फत व्यवस्थापन गर्न वडा कार्यालयले आफ्नो क्षेत्रमा रहेका १२ टोल विकास संस्थालाई परिपत्र गरेर जानकारीसमेत गराइसकेको छ । पहिलो चरणमा सहरी क्षेत्रमा यो नर्णय लागू गर्न लागिएको हो । विस्तारै अन्य क्षेत्रमा पनि यो नियम लागू गर्दै जाने उहाँको भनाइ छ ।

# बोयर बाख्रापालनले बनायो 'अगुवा कृषक'

पोखरापत्र संवाददाता
म्याग्दी, १७ कार्तिक

वैदेशिक रोजगार त्यागेर बाख्रापालन गर्नुभएका यहाँका एक व्यक्तिको पहिचान फेरिएको छ ।

विदेशबाट फर्किएर बाख्रापालनमा आबद्ध हुनुभएका बेनी नगरपालिका–३ भकिम्ली डाँडाखानीका उहाँले करिब १२ वर्षको अवधिमा आफ्नो पहिचान 'अगुवा कृषक'को रूपमा स्थापित गराउनुभएको हो । खाडी मुलुकमा गरिएको रोजगारीबाट आर्थिकरूपमा सबल नबनेपछि श्रीस गाउँमै पौरख गर्ने अठोट लिएर खालीहात स्वदेश फर्कनुभएको थियो । गाउँ फर्किएपछि विसं २०६८ मा जग्गा धितो राखी ऋण लिएर व्यावसायिक बाख्रापालन सुरु गर्नुभएका उहाँ अहिले स्वरोजगार बनेका साथै अन्य व्यक्तिलाई समेत रोजगार बनाउनुभएको छ ।

विगत १२ वर्षदेखि बाख्रापालन गर्दै आउनुभएका श्रीसले बोयर जातको बाख्रापालनबाट मनग्य आम्दानी गर्न सफल हुनुभएको हो । पशुपालन तथा बहुउद्देश्यीय कृषि फार्म स्थापना गर्नुभएका उहाँले बोयर जातका पाठापाठी उत्पादन गरेर देशका विभिन्न भागमा बिक्री गर्दै आउनुभएको छ । श्रीसको फार्मबाट वार्षिक करिब रु २५ लाख बराबरको बोयर बाख्रा बिक्री हुने गरेको छ । केही वर्षअघिसम्म बोयर बाख्राको मूल्य राम्रो पाएपछि अहिले बोयरको उत्पादन बढाइएकामा अहिले भने यसको आकर्षण घटेका कारण आम्दानीमा गिरावट आएको उहाँको गुनासो छ ।

"दुई वर्षअघिसम्म बोयर बोका र पाठीलाई रु दुई लाखसम्म पर्थ्यो, मैले मेरै फार्मबाट वर्षमा रु ६० लाखसम्मको कारोबार गरेको थिएँ तर अहिले मूल्य घटेको छ, एउटैको रु ८० हजार आउन पनि कठिन छ", श्रीस भन्नुहुन्छ । बाख्रापालनबाटै नमूना कृषकको रूपमा पहिचान बनाउनुभएका उहाँले बाख्रापालनबाट भएको आम्दानीलाई फार्मको पूर्वाधार निर्माणमा लगानी गर्दै आउनुभएको छ । हाल उहाँको फार्ममा करिब रु दुई करोड लगानी भइसकेको छ । छिटो–छिटो हुर्कने बोयर जातका बाख्रापालन गर्दै आउनुभएको श्रीसको फार्ममा अहिले ३५ वटा बाख्रा छन् । तीमध्ये पाठा जन्माउने १५ वटा माउ बाख्रा छन् । अन्य साना पाठापाठी छन् । अहिले नश्ल सुधारका दुईवटा बोका फार्ममा रहेको उहाँ बताउनुहुन्छ ।

बाख्राको घाँसका लागि ६० रोपनी जग्गामा घाँस खेती गर्नुभएका श्रीसले तीन जनालाई नियमित रोजगार दिनुभएको छ । व्यवस्थितरूपमा दुईवटा खोर बनाएर बोयर बाख्रापालनको स्रोत केन्द्र नै स्थापना गर्नुभएका उहाँको फार्म अवलोकन गर्न विभिन्न जिल्लाबाट कृषक आउने गरेका छन् ।

# भरतपुर भ्रमण वर्ष सफल पार्न देवघाटको सहकार्य आग्रह

पोखरापत्र संवाददाता
दमौली, १ कार्तिक

भरतपुर भ्रमण वर्ष २०२४ सफल पार्न तनहुँको देवघाट गाउँपालिकाले सहयोग गर्ने भएको छ ।

भरतपुर महानगरपालिकाले भ्रमण वर्षमा सहयोग गर्न देवघाटलाई औपचारिक रुपमा आह्वान गरेको र देवघाटले पनि भ्रमण वर्ष सफल पार्न सहयोग गर्ने देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो । भरतपुरले भ्रमण वर्षलाई सहयोग गर्न सीमा जोडिएका सात स्थानीय तहलाई अनुरोध गरेको थियो । भरतपुरसँग सीमा जोडिएका तनहुँको देवघाट, नवलपुरको गैँडाकोटसहित चितवनको इच्छाकामना गाउँपालिका, कालिका नगरपालिका,रत्ननगरनगरपालिका र माडी नगरपालिकालाई औपचारिक रुपमा आह्वान गरेको छ ।

भ्रमण वर्षमा भरतपुर आउने पाहुनाको स्वागतका लागि देवघाट गाउँपालिकाले स्थानीय माझी, बोटे, मगर, गुरुङ र कुमाल समुदायको सांस्कृतिक नाच तथा गुरुकुलका बटुक र ब्राह्मणहरुको भजन प्रदर्शन गर्ने अध्यक्ष थापाले बताउनुभयो ।

भरतपुर भ्रमण वर्षमा भरतपुर आउने पाहुनाको कम्तीमा ४० प्रतिशत देवघाटमा लैजान सकेमा देवघाटको पनि थप प्रचारप्रसार हुने र देवघाटमा व्यापार व्यवसायको प्रवर्द्धन हुने अध्यक्ष थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "भरतपुर भ्रमण वर्षले देवघाटको धार्मिक पर्यटनमा सहयोग पुग्छ । त्यसका लागि पनि देवघाटले भ्रमण वर्ष सफल बनाउन सहयोग गर्नेछ ।"

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाव | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०७/१८

गण्डकी प्रदेश, तनहुँ जिल्ला, बन्दिपुर गाउँपालिका, वडा नं. ०४ मा बन्दिपुर केवलकार एण्ड टुरिजम लि. द्धारा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन मा स्वीकृत भवन संख्या १, कोठा संख्या ६६ र शैया संख्या ९७ मा भौतिक पूर्वाधार तथा डिजाइनमा परिमार्जन गरी ८० कोठा र ९८ शैयाको बन्दिपुर क्वीनटावर होटल संचालन गर्ने उद्देश्यले होटलको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि होटल निर्माण स्थलमा मिति २०८०/०७/२५ गते शनिबारका दिन बिहान ११ :३० बजे सरोकारवालाहरुको उपस्थितीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुदाँ उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछौं ।

आयोजक
बन्दिपुर केवलकार एण्ड टुरिजम लि.
फोनः ९८०२०३७७२५

# अन्नपूर्णले सडक उपभोग सेवा शुल्क उठाउन थाल्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ कार्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले स्थानीय सडकमा चल्ने सवारीसाधनबाट सडक उपभोग सेवा शुल्क उठाउन थालेको छ।

चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र यही १४ गते बसेको कार्यपालिका बैठकको निर्णयअनुसार गाउँपालिकाको विभिन्न बस्तीमा सञ्चालन हुने जीप, ट्र्याक्टर र ट्रकलाई सूचीकरण गरेर स्थानीय सडक उपभोग सेवा शुल्क सङ्कलन गर्न थालिएको हो । म्याग्दीका अन्य पालिकाले उक्त सेवा शुल्क उठाएका छैनन् ।

गाउँपालिकाको प्रवेशद्वार महभिरमा वडा नं ७ का अध्यक्ष मइलन पुर्जा पुनको नेतृत्वमा कार्यपालिका सदस्य वीरबहादुर पौडेल, गाउँसभा सदस्य श्याम पुर्जा, कर्मचारी यमप्रसाद पुनको टोली बुधबारदेखि सवारी सूचीकरणका लागि खटिनुभएको छ । "सार्वजनिक सूचना जारी गरेर गाउँपालिकाको कार्यालयमा गाडी दर्ता गर्न आह्वान गरेका थियौँ। निर्धारित समयभित्र कसैले पनि गाडी दर्ता गर्नुभएन", पुर्जाले भन्नुभयो, "यातायात व्यवसायीले बेवास्ता गरेपछि कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न जनप्रतिनिधि, कर्मचारी र प्रहरीको टोली नाकामा बसेर दर्ता गर्न थालेका हौँ ।" सवारीसाधन दर्ता र नवीकरणवापत सङ्कलित रकम गाउँपालिकाले सडक मर्मत सुधारमा परिचालन गर्ने उहाँले बताउनुभयो। पुर्जाका अनुसार स्थानीय सडक प्रयोग सेवा शुल्कमार्फत चालु आवमा रू ५० लाखदेखि ६० लाख आम्दानी गर्ने लक्ष्य राखिएको छ। "अन्नपूर्ण गाउँपालिकालाई समेटेको राष्ट्रिय राजमार्ग बेनी-जोमसोम सडकमा चल्ने सवारीसाधन भने दर्ता गर्नुपर्दैन", पुर्जाले भन्नुभयो, "तीन दिनको अवधिमा करिब ४० जिप, ट्र्याक्टर दर्ता गरिएका छन् ।"

उहाँका अनुसार ट्र्याक्टरलाई रू एक हजार पाँच सय, जिप, बोलेरोलाई रू एक हजार पाँच सय, ट्याक्सीलाई रू एक हजार, बस र ब्याकहोलोडरलाई रू दुई हजार, ट्रकलाई रू तीन हजार पाँच सय, टिपरलाई रू एक हजार पाँच सय र एक्साभेटरलाई रू पाँच हजार दर्ता शुल्क कायम गरिएको छ।

नवीकरण र पटकेका लागि ट्याक्सीलाई रू एक सय र टिपरलाई रू पाँच सय बाहेक अन्य सवारी साधनलाई रू दुई सयका दरले वार्षिक नवीकरण शुल्क तोकिएको पुर्जाले जानकारी दिनुभयो । क्साभेटर नवीकरण र पटकेका लागि कामको ०.५ प्रतिशत नवीकरण शुल्क तोकिएको छ। यसैगरी गाउँपालिका क्षेत्रभन्दा बाहिरबाट मालसामान बिक्री गर्न आउने सवारी साधनलाई ट्रक, लहरी अन्य हेवी गाडी वार्षिक रू २० हजार, पटके शुल्क रू एक हजार पाँच सय तोकिएको छ। गाउँपालिका बाहिरका जिप, भ्यान, ट्र्याक्टरलाई वार्षिक शुल्क रू १० हजार वा पटके शुल्क रू छ सय कायम भएको छ। अन्नपूर्ण गाउँपालिका-४ का यातायात व्यवसायी प्रेम गुरुङले यातायात व्यवस्था कार्यालयमा दर्ता र नवीकरण भएका सवार ीसाधनलाई पालिकाले पनि शुल्क लिँदा दोहोरो करको मारमा परेको गुनासो गर्नुभयो । यातायात व्यवसायीसँग छलफल र पूर्वसूचना नदिइ एक्कासी शुल्क उठाएको उहाँले आरोप लगाउनुभयो । संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरेर गत असारको गाउँसभाको निर्णयअनुसार स्थानीय सडक उपयोग सेवा शुल्क उठाउने र अभिलेखीकरणका लागि दर्ता गर्न थालिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो ।

पालिकाले विभिन्न बस्ती जोड्ने सडकमा चल्ने सवारी साधनको भाडादर पनि निर्धारण गरेको छ । दर्तासँगै नाकामा ट्राफिक प्रहरीको सहयोगमा भाडादर कार्यान्वयनका विषयमा पनि अनुगमन गरिएको प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो । उहाँका अनुसार वडा तहमा जनप्रतिनिधि, उपभोक्ता र यातायात व्यवसायीले छलफल गरेर भाडादर निर्धारण गर्न सिफारिस गरेका थिए ।

कार्यपालिकाका सदस्य वीरबहादुर पौडेलले व्यापारीले ग्रामीण क्षेत्रमा भ्याटबिनाका म्याद नाघेका र म्याद सकिन लागेका सामान पठाउने गरेको पाइएकाले त्यसका विषयमा अनुगमन गरिएको बताउनुभयो ।

# व्यासगुफा शास्त्र र शक्तिको केन्द्र'

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ कार्तिक

वरिष्ठ संस्कृतिविद् डा जगमान गुरुङले व्यास ऋषिको जन्मभूमि दमौली शास्त्र र शक्तिको प्रमुख केन्द्रबिन्दु रहेको बताउनुभएको छ।

तनहुँको व्यास नगरपालिका-३ व्यासगुफा क्षेत्रमा बिहीबारदेखि सुरु भएको श्रीमद्भागवत ज्ञान महायज्ञको उद्घाटन गर्दै उहाँले व्यास ऋषिको जन्मभूमि, परासर ऋषिको तपोभूमि व्यासगुफा शास्त्र र शक्तिको प्रमुख केन्द्रबिन्दु भएको उल्लेख गर्नुभयो । यही कात्तिक १ गतेदेखि जारी आठौँ विश्वओमकार तथा हिन्दू महामिलन पर्वअन्तर्गत विश्व हिन्दू महासङ्घ नेपाल स्याङ्जा शाखाको आयोजनामा महायज्ञ सुरु भएको हो। प्रमुख वाचक पण्डित नेत्रप्रसाद पण्डितको वाचकत्वमा सात दिन भागवत् कथा वाचन हुनेछ। विश्व हिन्दू महासङ्घ स्याङ्जाका अध्यक्ष हरिहर पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा विश्व हिन्दू महासङ्घका उपाध्यक्ष शङ्कर खराल, शान्ति स्वरुपानन्द दामोदर बाबा, व्यासका अध्यता काशीनाथ न्यौपाने, पूर्वसांसद शङ्करप्रसाद पाण्डे लगायतले व्यासभूमिको महत्वका बारेमा चर्चा गर्नुभयो । वेद अनुयायी प्रतिष्ठान नेपाल तनहुँका दुर्गाभक्त अधिकारीले व्यास भूमिलाई पौराणिक, आध्यात्मिक, धार्मिक, पुरातात्विक र ऐतिहासिक दृष्टिले परिचित गराउन र धार्मिक पर्यटन प्रवर्द्धन टेवा पुऱ्याउने उद्देश्यले कात्तिक १ गतेदेखि एकमहिने महामिलन पर्व आयोजना गरिएको बताउनुभयो । विसं २०७४ कात्तिक १ गतेदेखि १८ महिनासम्म अखण्ड हरिकीर्तन गरिएको यस ठाउँमा त्यसैको निरन्तरता स्वरुप प्रत्येक वर्ष कात्तिक महिनामा यो कार्यक्रम आयोजना हुँदै आएको छ । महामिलन पर्वमा धर्मगुरु, सन्त, महन्त, विद्वान, बुद्धिजीवी एवं सम्पूर्ण ओमकार परिवारको उपस्थिति रहनेछ । महामिलन पर्वका अवसरमा वैदिक सनातन विधिअनुसार हीरण्यगर्भ भगवानी श्रीशालिग्राम तथा पञ्चायन देवताको षोडशोपचारले पूजा, वेद विभिन्न पुराण, रुद्री, चण्डि आदिको पाठ, धर्म गुरुहरूबाट दैनिक धार्मिक प्रवचनलगायतका कार्यक्रम सञ्चालन भइरहेको छ। पूर्वीय साहित्यका महाकवि वेदव्यासले यही भूमिमा महाभारत, चारवेद र अठार पुराणको रचना गरेको दाबी र विभिन्न स्रोतले प्रमाणित गरे पनि व्यासभूमिको उचित प्रसारप्रसार हुन नसकेपछि सरोकारवाला संस्था कस्सिएका हुन् । व्यासका अध्येता काशीनाथ न्यौपानेले जनताको तहबाट प्रयास सुरु भए पनि अझै यसले साकार रुप लिन नसकेको बताउनुभयो । विभिन्न शास्त्रीय प्रमाणहरूले व्यासको जन्मभूमि दमौलीमा भएको स्वीकार गरिसके पनि प्रचारप्रसारको अभावमा यस क्षेत्रमा ओझेलमा परिरहेको उहाँको भनाइ छ। विसं २०४१ मा योगी नरहरिनाथले कोटीहोम लगाउने सिलसिलामा भएको धर्मसभामा महर्षी वेदव्यासको अवतरण भूमि दमौलीस्थित शुक्लामाहेन्द्री सङ्गम भएको भनाइ व्यक्त गर्नुभएको थियो । त्यसपछि यस क्षेत्रका बारेमा थप अध्ययन अनुसन्धान हुन थालेको व्यासका अध्येता न्यौपानेले बताउनुभयो।

आजभन्दा करिब ५५ सय वर्ष अगाडी व्यासको यस क्षेत्रमा अवतरण भएको धार्मिक विश्वास छ । व्यास ऋषिको जन्म बारेको प्रसङ्गमा दमौलीदेखि आठ किमी पूर्व छाब्दी बाराहको मन्दिरदेखि करिब ५० मिटर पश्चिमपट्टिको कुण्डमा व्यासकी माता सत्यवतीको जन्म भएको थियो, माछाका रूपबाट जन्म भएकीले त्यस कुण्डको नाम मच्छे कुण्ड रहन आएको बताएको छ ।

# घारखोलामा पुल निर्माण

**रासस**
म्याग्दी, १७ कार्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ र ६ को सिमाना घारखोलामा मोटर चल्ने पुल निर्माण भएको छ । पोखरेबगरबाट नेपाने हुँदै पाउद्धार जोड्ने सडकअन्तर्गत घारखोलामा २५ मिटर लामो मोटरेबल पुल निर्माण भएको हो ।

अन्नपूर्ण गाउँपालिका-५ का वडाध्यक्ष राजेश तिलिजाले घारखोलामा निर्माण भएको मोटरेबल पुलमा यातायातका साधन सञ्चालन हुन थालेका जानकारी दिनुभयो । "मोटरेबल पुल र पहुँचमार्ग निर्माण सकिएपछि सवारीसाधन आवतजावत गर्न थालेका छन्", उहाँले भन्नुभयो, "यो पुल बनेपछि पोखरेबगर-पाउद्धार सडकमा बाह्रै महिना नियमित सवारी चल्ने भएको छ। बर्खामा खोला बढ्दा यातायात अवरुद्ध हुने समस्या हटेको छ।" घारखोलामा पुल नहुँदा दुई सय परिवारको बसोबास भएको सात वर्षअघि सडक पुगेको पाउद्धार गाउँ बर्खामा यातायात सम्पर्क विच्छेद हुने गरेको थियो। पुल नहुँदा बर्खामा पैदलयात्रा गर्न र घोडा खच्चरबाट ढुवानी गर्नुपर्ने बाध्यता हटेको वडा सदस्य पूर्ण पाइजाले बताउनुभयो ।

फेवा-बिएम जेभी पोखराले २०७६ माघमा रु दुई करोड ८२ लाखमा निर्माणको ठेक्का लिएको थियो । तत्कालीन राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइले ठेक्का लगाएको आयोजना प्राधिकरण खारेज भएपछि सहरी विकास मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विकास कार्यालय कास्कीमा हस्तान्तरण भएको थियो ।

विसं २०७८ साउन २४ गते सम्पन्न गर्ने सम्झौता भएको पुल परामर्शदाताले गरेको गलत डिजाइनका कारण सम्झौता गरेको करिब एक वर्षपछि निर्माण सुरु भएको थियो ।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र पुल निर्माण गर्ने ठाउँको भूगोल तथा दूरी नमिलेपछि पुल निर्माणमा ढिलाइ भएको निर्माण कम्पनीका प्रतिनिधिले बताएका छन् । भूकम्प प्रभावित सडकअन्तर्गत प्राधिकरणले पोखरेबगर-चित्रे सडक र घारखोला मोटरेबल पुल योजना छनोट गरेको थियो। पोखरेबगरबाट घार खिवाङ शिख हुँदै चित्रे जोड्ने १८ किलोमिटर सडक कालोपत्र गर्न २०७५ मङ्सिरदेखि सुरु भएको आयोजना अन्तिम चरणमा पुगेको छ।

# सम्बृद्धि सहकारीको रक्तदानमा ६७ प्वाईन्ट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक



पोखरा महानगरपालिका वडा नं २७ मा रहेको संबृद्धि बचत तथा ऋण सहकारी संस्थाले शुक्रबार तालचोकमा आयोजना गरेको रक्तदान कार्यक्रममा ६७ जनाले रक्तदान गरेका छन् ।

रगतको अभाव भएपछि रक्त संचार केन्द्रको आब्हानमा भएको रक्तदान कार्यक्रममा नयाँ र पुराना गरी ६७ जना रक्तदाताले रक्तदान गरेका हुन । पहिलो रक्तदाता कुमार पण्डित क्षेत्रीलाई ब्लड व्याग हस्तान्तरण गरी कार्यक्रमको शुभारंभ गर्दै, पोखरा महानगपालिका वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापाले अझै पनि रक्तदानका विषयमा मानिसहरुमा चेतनाको अभाव रहेको बताए।

हरेक स्वस्थ नागरिकले तीन/तीन महिनामा रक्तदान गर्न सकिने उल्लेख गर्दै, संघसंस्थाले पनि बार्षिक र आकस्मिक तालिका बनाउन आग्रह गरे । अध्यक्ष थापाले गर्न सकिने काम र विषयमा मात्र बोल्न आग्रह गर्दै, बोलेपछि त्यसलाई पुरा गर्ने योजना बनाउन आग्रह गरे । उनले पछिल्लो समय सहकारीहरुको वित्तिय अवस्था सन्तुलित नभएको हल्ला बजारमा आईरहेकाले त्यसतर्फ सचेत रहन आग्रह गरे ।

रक्त संचार केन्द्र पोखराका प्राविधिक महेन्द्र के.सी ले रक्तदानको सोचमा परिवर्तन ल्याउन आग्रह गर्दै, घरघरमा रगत उत्पादन गर्ने व्यक्तिहरु भएपनि त्यो खेर गैरहेको उल्लेख गरे । सहकारी संस्थाका अध्यक्ष सुमन भट्टराईले डेगुँ रोगका कारण रगतको आवश्यकता बढ्दा रक्त संचार केन्द्रले आग्रह गरेका बेला कार्यक्रमको आयोजना गरिएको बताए । उनले रगत अभावको समयमा सहयोगका लागि तत्पर रहन शेयर सदस्य एवं रक्तदाताहरुलाई आग्रह गरे । संस्थाका सचिव नवराज तिवारीले कार्यक्रम संचालन गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि वडाअध्यक्ष थापा, लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठ, निर्वतमान अध्यक्ष छत्रधर आत्रेय, पूर्वअध्यक्ष बलराम ढकाल, सहकारी अध्यक्ष सुमन भट्टराई लगायतले रक्तदान गरेका थिए।

आयो, टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
२००९ भाद्र १५

स्वर्गारोहणः
२०८० असोज २९

स्व. फुलमाया तामाङ

यस गण्डकी ढुवानी प्रा.लि.का अध्यक्ष श्री राम वहादुर तामाङ (शिवु) ज्यूकी ममतामयी माता स्वर्गीय फुलमाया तामाङको ७२ वर्षको उमेरमा मिति २०८०/६/२९ गते स्वर्गारोहण भएको हुँदा अत्यन्तै मर्माहित भएका छौं । सो दुःखद घडिमा मृत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवार जनमा धैर्य धारण गर्ने सक्ने इच्छाशक्ति भगवानले प्रदान गरुन भनि गहिरो **हार्दिक समवेदना** प्रकट गर्दछौ ।

गण्डकी ढुवानी प्रा.लि. परिवार
पोखरा म.न.पा.-१४, चाउथे कास्की